# दोश्रो बजारका लगानीकर्तामा उत्साह कम

## कारोबार रकम घटेर २ अर्ब ४५ करोड

**अभियान संवाददाता**

काठमाडौं

पछिल्लो समय पूँजीबजारका लगानीकर्ताको बजारप्रति उत्साह घट्दै गएको देखिन्छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी छानबिनका विषय प्रायः पूँजीबजारसँग जोडिनु र सूचीकृत कम्पनीहरूमा यसको प्रत्यक्ष असर देखिनुले लगानीकर्ता निराश बनेका हुन् ।

दुई दिनको सार्वजनिक बिदापछि खुलेको सोमवारको बजार स्थिर बनेको छ।१ दशमलव शून्य ३ अंकले घटेर नेप्से यो दिन २ हजार ७३० दशमलव ९१ विन्दुमा बन्द भएको हो । यो दिन २ हजार ७४१ दशमलव २० विन्दुसम्म पुगेको नेप्से २ हजार ७२२ दशमलव ६७ विन्दुसम्म झरेको थियो । २ हजार ७३७ दशमलव ४६ विन्दुदेखि खुलेको सोमवारको बजार खुला विन्दुभन्दा तल गएरै बन्द भएको छ ।

यो दिन ११९ कम्पनीहरूको धितोपत्र मूल्य बढ्दा १३२ कम्पनीहरूको धितोपत्र मूल्य घटेको छ । १८ कम्पनीहरूको धितोपत्र मूल्य भने यो दिन स्थिर रहेको छ । ईङवा हाइड्रोपावर लिमिटेडको शेयर मूल्य यो दिन सर्वाधिक ८ दशमलव ४२ प्रतिशत बढेको छ भने ७ प्रतिशत ब्याजदर रहेको निफ्रा उर्जा ऋणपत्रको मूल्य सर्वाधिक ५ दशमलव २६ प्रतिशत घटेको छ । ईङवा हाइड्रोपावरको शेयर मूल्य प्रतिकित्ता ३४ रुपैयाँले बढेर अन्तिम मूल्य ४३८ रुपैयाँ कायम भएको हो भने निफ्रा उर्जा ऋणपत्रको मूल्य प्रतिकित्ता ५७ रुपैयाँ ९० पैसाले घटेर अन्तिम मूल्य १ हजार ४२ रुपैयाँ १० पैसा कायम भएको हो ।

कारोबार रकम घटेर सोमवार २ अर्ब ४५ करोड रुपैयाँभन्दा बढीमा खुम्चिएको छ । अघिल्लो कारोबार दिन गत शुक्रवार ३ अर्ब ९ करोड रुपैयाँभन्दा बढीको धितोपत्र कारोबार भएको थियो । कारोबार रकम घट्नुमा लगानीकर्ताको पर्ख र हेरको अवस्थासँगै उधारो कारोबारमा रोक लाग्नु प्रमुख कारण रहेको देखिन्छ ।

पछिल्लो समय उधारो कारोबार रोकिएसँगै बजारमा वास्तविक कारोबार भएको बुझाइ जानकारहरूको छ । यसले बजारमा राम्रो प्रभाव पार्ने तर्क पनि जानकारहरूले गरेका छन् ।

कुल कारोबारमा यो दिन साहस उर्जाले सर्वाधिक हिस्सा ओगटेको छ । कम्पनीको ८ करोड ४३ लाख रुपैयाँभन्दा बढीको १ लाख २७ हजारभन्दा बढी कित्ता शेयर कारोबार भएको हो । सर्वाधिक रकमको कारोबार भएको यस कम्पनीको शेयर मूल्य पनि प्रतिकित्ता ५ रुपैयाँले बढेर अन्तिम मूल्य ६६७ रुपैयाँ कायम भएको छ ।

सोमवार बजारमा देखिएको उतारचढावलाई हेर्दा बजारमा लगानीकर्ता केही उत्साहित बन्ने संकेत भने देखिन्छ। अल्पकालीन लगानीकर्ता हाबी रहेको बजारमा निरन्तर बजार घटेकाले भोलिको दिनमा खरीद चाप बढ्न सक्ने सम्भावनालाई पनि देखिन्छ ।

यो दिन पाँच समूहको परिसूचक बढेको छ भने बाँकीको घटेको छ । 'अन्य' समूहको परिसूचक सर्वाधिक शून्य दशमलव ३१ प्रतिशत बढेको छ भने निर्जीवन बीमा समूहको परिसूचक सर्वाधिक शून्य दशमलव ६९ प्रतिशत घटेको छ ।

**बजार पूँजीकरण घट्यो**

सोमवार बजार पूँजीकरण रू. १ अर्ब ७६ करोडले घट्दै रू. ४६ खर्ब ५७ अर्ब ७० करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४६ खर्ब ५९ अर्ब ४७ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा सोमवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ४७ दशमलव १९ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. १ अर्ब १५ करोड बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा उत्पादन तथा प्रशोधन समूह रहेको छ । उक्त समूहको रू. ३३ करोड ७१ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

सोमवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. २९ करोड ३४ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. १३ करोड ७५ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. १५ करोड ५८ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ३८ रहेको छ। जसबाट सोमवारको बजारमा रू. २० करोड १ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| ईङवा हाइड्रोपावर लिमिटेड | ४३८ | ८.४२ | निफ्रा उर्जा ऋणपत्र ७% - २०८५/८६ | १,०४२.१० | -५.२६ |
| बुङ्गल हाइड्रो लिमिटेड | ६२७.१० | ६.३२ | एसवाई प्यानल नेपाल लिमिटेड | १,४७४.९० | -३.६० |
| सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड | ४७३ | ३.२८ | पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेड | ८११.९० | -३.३२ |
| एनआईबिएल समृद्धि फण्ड - २ | ९.५० | ३.२६ | भगवति हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ६६९ | -३.०३ |
| ८.५% प्रभु बैंक डिबेन्चर (ऋणपत्र) २०८७ | १,१०२ | २.९८ | बोटलर्स नेपाल (बालाजु) लिमिटेड | १४,७४२.१० | -३ |

**समूहगत कारोबार**

| क्र.स. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ११५.६६ | ४७.१९ |
| २ | उत्पादन तथा प्रशोधन | ३३.७१ | १३.७६ |
| ३ | बैंकिङ्ग | २७.०४ | ११.०४ |
| ४ | विकास बैंक | १६.२२ | ६.६२ |
| ५ | लघुवित्त | १०.४२ | ४.२६ |
| ६ | लगानी | ८.४० | ३.४३ |
| ७ | अन्य | ८.२४ | ३.३७ |
| ८ | जीवन बीमा | ६.७३ | २.७५ |
| ९ | होटल तथा पर्यटन | ६.३९ | २.६१ |
| १० | वित्त | ४.७७ | १.९५ |
| ११ | निर्जीवन बीमा | ३.०८ | १.२६ |
| १२ | संस्थापक शेयर | १.८३ | ०.७५ |
| १३ | व्यापार | १.५८ | ०.६५ |
| १४ | म्युचुअल फण्ड | ०.५७ | ०.२४ |
| १५ | ऋणपत्र | ०.३६ | ०.१५ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य (रू.) |
|---|---|---|
| साहस उर्जा लिमिटेड | ८.४३ | ६६७ |
| रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड | ७.३४ | ३,६९०.१० |
| एसवाई प्यानल नेपाल लिमिटेड | ७.१३ | १,४७४.९० |
| अपि पावर कम्पनी लिमिटेड | ६.१६ | ३४९ |
| शिवम् सिमेन्ट्स लिमिटेड | ५.७९ | ६७६.८० |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.स. | समूह | समूहगत परिसूचक | परिवर्तन (% मा) |
|---|---|---|---|
| १ | अन्य | १,९८७.३२ | ०.३१ |
| २ | जलविद्युत् | ३,८२७.३९ | ०.१६ |
| ३ | बैंकिङ्ग | १,४४७.१६ | ०.१४ |
| ४ | लगानी | १०१.८४ | ०.०९ |
| ५ | विकास बैंक | ५,८१८.८७ | ०.०३ |
| ६ | वित्त | २,३५४.६६ | -०.०१ |
| ७ | जीवन बीमा | १२,३९३.४९ | -०.०७ |
| ८ | म्युचुअल फण्ड | २१.७१ | -०.१३ |
| ९ | होटल तथा पर्यटन | ७,७७७.४८ | -०.२३ |
| १० | लघुवित्त | ४,७६५.४८ | -०.२४ |
| ११ | व्यापार | ३,७७३.९६ | -०.४८ |
| १२ | उत्पादन तथा प्रशोधन | ११,१६१.६८ | -०.५८ |
| १३ | निर्जीवन बीमा | १०,६९९.१३ | -०.६९ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | १५.५८ | १३.७५ | २९.३४ |
| ३८ | ९.९९ | १०.०२ | २०.०१ |
| ४२ | १०.१० | ८.३३ | १८.४४ |
| ५६ | ५.८० | १०.५६ | १६.३६ |
| ४५ | ६.९८ | ९.०५ | १६.०३ |

# भुजुङ्ग हाइड्रोपावरले बोलायो साधारणसभा

काठमाडौं (अस) । भुजुङ्ग हाइड्रोपावर लिमिटेडको चौथो वार्षिक साधारणसभा जेठ २७ गते हुने भएको छ। जेठ ३ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले काठमाडौंको बालुवाटारस्थित आम्रपाली ब्याङ्क्वेटमा बिहान ११ बजे सभा गर्ने निर्णय गरेको हो ।

सभाले गत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ। संस्थापक तर्फबाट पाँच र सर्वसाधारणतर्फबाट एक जना सञ्चालक निर्वाचनको कार्यक्रम पनि सभाका लागि तय भएको छ । साथै, प्रमुख कार्यकारी अधिकृत र स्वतन्त्र सञ्चालक नियुक्तिको अनुमोदन पनि सभाले गर्नेछ ।

कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव गरेको कम्पनीले यसका लागि सम्पूर्ण जिम्मेवारी सञ्चालक समितिलाई प्रदान गर्नेछ । लाभांश भने प्रस्ताव गरिएको छैन ।

सभा प्रयोजनका लागि कम्पनीले जेठ १८ गते एक दिन बुक क्लोज गर्नेछ। यसका आधारमा अघिल्लो कारोबार दिन (जेठ १४ गते)सम्म कायम शेयरधनीहरूले मात्र कम्पनीको सभामा भाग लिन सक्नेछन् ।

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, सुर्यविनायक शाखाको १५ दिने सार्वजनिक सूचना ।।**

(प्रकाशित मिति : २०८३/०२/०५ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल मंसिर महिना ०३ गतेको 'नयाँ पत्रिका' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल चैत्र महिना ०९ गतेको 'नेपाल समाचारपत्र' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा कुनै शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

**ऋणीको नाम, थर र ठेगाना :**

यज्ञ बहादुर खड्काको छोरी, मनोज कुमार बस्नेतको श्रीमती, भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स. वडा नं. ०५ बस्ने **तुलसा बस्नेत -१** तथा केशब बहादुर बस्नेतको नातीनी, मनोज कुमार बस्नेतको छोरी, भक्तपुर जिल्ला चाँगुनारायण न.पा वडा नं. ०५ बस्ने **अनिसा बस्नेत -१** समेत जना-२

**व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**

तिर्थ बहादुर बस्नेतको नाती, केशब बहादुर बस्नेतको छोरा, भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स. वडा नं. ०५ बस्ने **मनोज कुमार बस्नेत** ।

कमल बहादुर कार्कीको नाती, विनोद कार्कीको छोरा, भक्तपुर जिल्ला, नंखेल गा.वि.स. वडा नं. ०६ बस्ने **विक्रम कार्की** ।

केशब बहादुर बस्नेतको नातीनी, मनोज कुमार बस्नेतको छोरी, भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. ३ बस्ने **बिपना बस्नेत** ।

केशब बहादुर बस्नेतको नातीनी, मनोज कुमार बस्नेतको छोरी, भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. ०५ बस्ने **महिमा बस्नेत** ।

**धितो सुरक्षणको विवरण :**

**तुलसा बस्नेत**को नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला, सिपाडोल गा.वि.स./न.पा. वडा नं. २ को नक्सा सिट नं २(ग) को कित्ता नं. ७३३ र ७४६ को क्रमशः ०-२-२-० र ०-०-२-० (रो.आ.पै.दा) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय सुर्यविनायकमा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८३ साल जेष्ठ महिना १९ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८३ साल जेष्ठ महिना २१ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

# धितोपत्र बजारमा ऋणपत्रको कारोबार सबैभन्दा कम

काठमाडौं (अस) । सरकारले ऋणपत्रको बजार विस्तार गर्ने योजना अघि सारिरहँदा हाल यसको कारोबार भने सबैभन्दा कम रहेको देखिन्छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) ले सार्वजनिक गरेको वैशाख महीनाको कारोबारको तथ्यांक हेर्दा ऋणपत्रको कारोबार सबैभन्दा कम रहेको देखिएको हो । नेप्सेका अनुसार वैशाखमा कुल १ खर्ब १० अर्ब रुपैयाँभन्दा बढीको २५ करोड २९ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा ५ करोड ७३ लाख रुपैयाँभन्दा बढीको ५१ हजारभन्दा बढी कित्ता ऋणपत्र मात्र कारोबार भएको देखिएको हो ।

सरकारी ऋणपत्र भने डिम्याट नभएकाले दोस्रो बजारमा सूचीकृत भएपनि कारोबार नभएको अवस्था छ । धितोपत्र कारोबारका लागि अनिवार्य डिम्याट हुनुपर्ने व्यवस्था रहेको अवस्थामा सरकारी ऋणपत्र भने हालसम्म डिम्याट भएका छैनन् ।

सरकारले विगतका वर्षहरूमा पनि बजेटमार्फत सरकारी ऋणपत्रको पनि कारोबार हुने व्यवस्था गर्ने उल्लेख गर्दै आएको छ । यस वर्षको नीति तथा कार्यक्रममा पनि यो विषयलाई सरकारले प्राथमिकतामा राखेको छ । यसर्थ भोलिका दिनमा सरकारी ऋणपत्र पनि कारोबार हुने गरी डिम्याट हुने विश्वास गर्न सकिन्छ ।

नेप्सेले सार्वजनिक गरेको कारोबारको तथ्यांक हेर्दा जलविद्युत् समूहले कुल कारोबारमा सर्वाधिक हिस्सा ओगटेको छ । बजारमा सबैभन्दा बढी संख्यामा जलविद्युत् समूहका कम्पनी सूचीकृत हुनु र यसै क्षेत्रको शेयरमा लगानीकर्ताको आकर्षण कायम रहेको अवस्थामा सर्वाधिक हिस्सा ओगट्न यो क्षेत्र सफल भएको देखिन्छ। जलविद्युत् समूहको वैशाखमा ५३ अर्ब ७१ करोड रुपैयाँभन्दा बढीको १३ करोड ८१ लाखभन्दा बढी कित्ता शेयर कारोबार भएको हो ।

जलविद्युत् पछि दोस्रोमा उत्पादन तथा प्रशोधन र तेस्रोमा बैंकिङ्ग समूहको बढी रकमको शेयर कारोबार भएको देखिन्छ । उत्पादन तथा प्रशोधनको १६ अर्ब ३५ करोड रुपैयाँभन्दा बढीको १ करोड २६ लाखभन्दा बढी र बैंकिङ्गको ८ अर्ब ६२ करोड रुपैयाँभन्दा बढीको ३ करोड २४ लाखभन्दा बढी कित्ता शेयर कारोबार भएको छ ।

| समूह | कारोबार रकम रू दशलाखमा | कारोबार कित्ता हजारमा |
|---|---|---|
| जलविद्युत् | ५,३७१६.४६ | १३८,१५६.०५ |
| उत्पादन तथा प्रशोधन | १६,३५३.९४ | १२,६८१.६८ |
| बैंकिङ्ग | ८,६२१.१३ | ३२,४९१.३७ |
| विकास बैंक | ६,८०९.७६ | ९,७६९.१५ |
| अन्य | ५,०७४.१७ | ५,९२२.५१ |
| लगानी | ४,४४६.६५ | ५,९१०.३० |
| होटल तथा पर्यटन | ३,८६७.९६ | ४,३१८.२७ |
| लघुवित्त | ३,८५९.०४ | ३,९९२.७९ |
| जीवन बीमा | २,१७७.७० | ४,१७७.७३ |
| वित्त | २,१६७.२२ | ३,६१२.२९ |
| संस्थापक शेयर | १,५४३.३९ | ७,९२७.१५ |
| निर्जीवन बीमा | १,१७४.६६ | १,८९०.३९ |
| व्यापार | २६८.४७ | ४७.४३ |
| म्युचुअल फण्ड | २४२.२९ | २१,९९१.४० |
| ऋणपत्र | ५७.३४ | ५१.५० |
| जम्मा | ११०,३८०.१८ | २५२,९४०.०१ |

स्रोतः नेपाल स्टक एक्सचेन्ज (नेप्से)

स्कोप बचत तथा ऋण सहकारी संस्था लि.
SCOPE Saving and Credit Co-operative Society Ltd.
सौगल-८, ललितपुर । फोन नं. ५४४६२५३

**धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी मार्फत लिलाम बिक्रिको १५ दिने सार्वजनिक सूचना**

**दोस्रो पटक प्रकाशित मिति :२०८३।०२।०५**

यस संस्थाका तपसिलमा उल्लेखित ऋणी सदस्यले आफ्नो ब्यापार व्यवसाय संचालन गर्न तपसिलमा उल्लेखित अचल सम्पत्ति सुरक्षण बापट धितो राखी लिएको ऋण कर्जाको संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज लगायत संस्थाको अन्य लेना रकम आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उलङ्घन गर्नु भएको तथा ऋण कर्जा चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत ऋण भुक्तान नगरेको र ऋण चुक्ता गर्ने सन्दर्भमा आर्थिक अभियान दैनिक पत्रिका मार्फत मिति २०७९।४।३० को ३५ दिने सार्वजनिक सूचना , मिति २०८०।१०।०४ गते प्रकाशित भएको १५ दिने सार्वजनिक सूचना र सोही दैनिक पत्रिका मार्फत मिति २०८२।०९।१६ गते प्रकाशित ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जाको साँवा ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यस संस्थालाई धितो सुरक्षणको रुपमा लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्र मार्फत लिलाम बिक्रि गरी साँवा ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत असुल उपर गर्न मिति २०८२।१२।१६ गते आर्थिक अभियान दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरेकोमा तोकिएको दिनमा धितो लिलाम विक्रि गर्ने सम्बन्धमा कसैको पनि बोलपत्र प्राप्त नभएको र सो दिन उक्त धितो लिलामी विक्रीको प्रक्रियालाई स्थगित गरिएकोमा सो धितो गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्रि गर्न पुनः यो दोस्रो पटकको सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (कार्यालय समय भित्र) गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन सबैमा आह्वान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु १६ औं दिन यस संस्थाको कार्यालयमा उल्लेखित मिति, समय र स्थानमा खोलिने भएकोले उपस्थित हुन समेत सम्बद्ध सबैलाई सूचित गरिन्छ । साथै धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम विक्री हुन नसकी यस संस्थाको नाममा धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रक्रिया अगाडि बढाईने तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ। तसर्थ उल्लेखित ऋणी सदस्यहरुले सूचनाको म्याद भित्र संस्थामा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत बिशेष अनुरोध गरिएको छ ।

**तपशिल**

**ऋणीहरुको विवरण**

**नाम : पञ्च माया महर्जन**
सदस्य नं. : २९५३
ठेगाना : बालकुमारी-८, ललितपुर
पतिको नाम : प्रेम लाल महर्जन
बुबाको नाम : कान्छा महर्जन
ससुराको नाम : कालु महर्जन
बाजेको नाम : बाबु राम महर्जन
ना.प्र.नं : ९१७९
ना.प्र.जारी मिति : २०४२।०१।३०
जारी स्थान : ललितपुर




**नाम : भरत महर्जन**
सदस्य नं. : २९५५
ठेगाना : बालकुमारी-८, ललितपुर
बुवाको नाम : प्रेम लाल महर्जन
बाजेको नाम : कालु महर्जन
ना.प्र.नं : ९०७३
ना.प्र.जारी मिति : २०४२।०१।२३
जारी स्थान : ललितपुर



**नाम : अर्जुन महर्जन**
सदस्य नं. : २९५२
ठेगाना : बालकुमारी-८, ललितपुर
बुवाको नाम : प्रेम लाल महर्जन
बाजेको नाम : कालु महर्जन
ना.प्र.नं : ३३५०५
ना.प्र.जारी मिति : २०४२।०३।२७
जारी स्थान : ललितपुर



**नाम : ध्रुव महर्जन**
सदस्य नं. : २९५४
ठेगाना : बालकुमारी-८, ललितपुर
बुवाको नाम : प्रेम लाल महर्जन
बाजेको नाम : कालु महर्जन
ना.प्र.नं : ६४७६९
ना.प्र.जारी मिति : २०५०।०९।२५
जारी स्थान : ललितपुर



**धितो मञ्जुरी दिनेको विवरण**

**नाम : पञ्च माया महर्जन**
सदस्य नं. : २९५३
ठेगाना : बालकुमारी-८, ललितपुर
पतिको नाम : प्रेम लाल महर्जन
बुबाको नाम : कान्छा महर्जन
ससुराको नाम : कालु महर्जन
बाजेको नाम : बाबु राम महर्जन
ना.प्र.नं : ९१७९
ना.प्र.जारी मिति : २०४२।०१।३०
जारी स्थान : ललितपुर



**धितोको विवरण**

**पञ्च माया महर्जन**को नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ८ बालकुमारी स्थित **कित्ता नं. ४२५** को **क्षेत्रफल ०-९-०-०** को घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**धितो लिलाम बिक्री सम्बन्धी शर्त बन्देजहरु :**

१. बोलपत्र फाराम यसै सहकारी संस्थाबाट कार्यालय समय भित्र रु. ५००।-(फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिने छ र बोलपत्र फाराम सुचनामा तोकिए बमोजिमको मिति स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
२. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन आकस्मिक सहकारी बिदा परेमा विदाको लगत्तै सहकारी खोलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ ।
३. बोलपत्रमा आफुले सकार गरि लिन चाहेको सम्पत्तिको बिबरण खुलाई के कति रकममा सकार गरि लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। साथै आफुले कबोल गरेको रकमको १०% ले हुन आउने रकम धरौटी बुझाएको प्रमाण शिलबन्दी बोलपत्र साथ समाबेश गरी पेश गर्नु पर्नेछ ।
४. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाण पत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाण पत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
५. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घर जग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
६. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र सहकारीलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र बापत बुझाएको सम्पूर्ण रकम बिना व्याज फिर्ता दिइनेछ ।
७. लिलाम विक्री गर्न प्रस्ताव गरिएको चल/अचल सम्पत्ति कसैले सकार नगरेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ अनुसार संस्थाले उक्त सम्पत्ति सकार गरी लिन सक्नेछ। यसरी धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति सहकारी संस्था आफैले सकार गर्दा वा लिलाम विक्री गर्दाको अवस्थामा समेत सहकारीको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।
८. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीबापट जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिइने छ। तर सोमा कुनै व्याज प्रदान गरिने छैन ।
९. यस बोलपत्रमा माथि उल्लेखित बाहेक अन्य शर्तको हकमा सहकारी ऐन २०७४ एवं सहकारी नियमावली २०७५ मा उल्लेख भए बमोजिम र बाँकीको हकमा प्रचलित कानुन बमोजिम हुनेछ भने कुनै पनि अबस्थामा लिलाम प्रकृया रद्द गर्न वा बोलपत्र स्विकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

**पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्रि गर्दा वा संस्था आफैले सकार गर्दा साबिकमा संस्थाबाट भएको मूल्यांकन भन्दा कम मुल्यमा बिक्रि भयो वा सो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्रि भयो वा संस्था आफैले सकार गरिलियो भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन ।**

**बोलपत्र पेश गर्ने अन्तिम दिन :** २०८३।०२।१९ गते मंगलबार कार्यालय समय सम्म ।
**बोलपत्र खोलिने मिति र समय :** २०८३।०२।२० गते बुधबार दिनको ३ बजे ।
**स्थान :** संस्थाको कार्यालय, ल.पु.जि., ल.पु.म.न.पा. वडा नं.८ सौगल ।